# कोशी गाउँपालिकाको आ.व.२०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम

श्री उपाध्यक्ष ज्यू, प्रमुख अतिथिज्यू, गाँउसभा सदस्यहरुज्यू, राजनीतिक दलका प्रमुख एंव प्रतिनिधिहरु, सभाका सचिवज्यू एंव राष्ट्रसेवक कर्मचारीहरु, सञ्चारकर्मीहरु, सभामा उपस्थित एंव अनुपस्थित गाउँबासिहरु सबैमा नमस्कार। जय नेपाल ।

स्थानीय तहको दोश्रो निर्वाचन पश्चात कोशी गाउँपालिकामा हुन गइरहेको गाउँसभाको १९ औं अधिवेशनको उद्घाटन शत्रमा सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि शाहदत्त प्राप्त गर्नुहुने सबै महान शहीदहरु प्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दछु ।

विभिन्न कालखण्डमा साविक हरिपुर, श्रीपुरजब्दी, पश्चिम कुशाहा र लौकही गाउँ पञ्चायत तथा गाविसको नेतृत्व गर्दै यस ठाउँको विकासमा योगदान पुर्याउनु हुने हाम्रा अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दै म यस गरिमामय सभामा चालु आ.व.को संक्षिप्त उपलब्धि एंव आगामी आ.व.को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

१. पालिका क्षेत्र अन्तर्गतका मुख्य सडकहरु र सहायक सडकहरुको प्याकेज बनाई बहुवर्षिय ठेक्का मार्फत काम भइरहेकोमा विभिन्न ठेक्का गरी औषत ४० प्रतिशत काम पुरा भएको छ ।चालु आर्थिक वर्षको अन्त्य सम्ममा ५० प्रतिशत निर्माण कार्य पुरा हुने ऋममा रहेको छ ।

२. विभिन्न विद्यालयमा गरी चालु आर्थिक वर्षमा २ कोठे भवन ३ ओटा, ४ कोठे भवन ,५ ओटा निर्माण भएको छ भने ८ कोठे भवन १ ओटा निर्माण सम्पन्न भई हस्तान्तरण समेत भइसकेको छ । यसबाट वर्षेणी करिब २ हजार विद्यार्थी प्रत्यक्ष लाभान्वित हुने भएको छ ।साथै जमुवा चौकमा १ सार्वजनिक शौचालय समेत निर्माणाधिन अवस्थामा रहेको छ ।

३. शैक्षिक सुधारका लागि दुर्तगामी नीति लिएको पालिकाले यो वर्ष शैक्षिक सुधारको नीतिगत आधारस्तम्भ तयार गर्ने तर्फ विशेष उपलब्धि हासिल गरेको छ ।

४. सामुदायिक तथा धार्मिक विद्यालयमा प्रधानाध्यापक छनौट कार्यविधि निर्माण भई कार्यान्वयनको चरणमा रहेको छ । शिक्षक दरबन्दी मिलान कार्यविधि कार्यान्वयनमा आएको छ ।

५. मदरसामा कार्यरत मौलवी तथा मौलानाहरुलाई पनि अस्थायी अध्यापन अनुमतिपत्र लिनुपर्ने व्यवस्थाका लागि नीतिगत निर्णय भई कार्य अगाडि बढेको छ ।

६. प्राविधिक धार तथा +2 सञ्चालनमा रहेको राष्ट्रिय मा.वि सोभनपुरमा पालिकाबाटै विद्यालय बस उपलब्ध गराई सेवा सञ्चालनमा रहेको छ ।

७. हालसम्म यस गाउँपालिकामा ५६३ जना अपाङ्गता भएका व्यक्तिहरुले अपाङ्गता परिचयपत्र प्राप्त गरिसकेको र यस पालिकामा सञ्चालनमा रहेको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत यो वर्ष ५३५ जना नवजात शिशुहरुको जन्मदोष परीक्षण मध्ये १ जना बच्चाको जन्मदोष देखिएकोमा उपचार गराई जीवनभर अपाङ्गता हुनबाट जोगाइएको छ। २१ जनालाई निःशुल्क उपचार सेवा प्रदान गरिएको छ । साथै यस कार्यक्रमबाट यो वर्ष ५३५ जना महिलाहरुलाई शुभकामना कार्ड प्रदान गरि नियमित चेकजाँच समेत हुँदै आएको छ तथा २०० जनाभन्दा बढीलाई फिजियोथेरापी सेवा प्रदान गरीएको छ ।

८. पालिकामा रहेको सामाजिक सुरक्षा अन्तर्गत करिब ३९८५ जना लाभग्राही रहेका छन् तथा पञ्जिकरण सम्बन्धि काम गर्ने सेवा इकाई र वडा कार्यालयहरुको सहकार्यमा M.I.S. प्रणाली मार्फत दुर्त गतिमा कार्य हुँदै आएको छ ।

९. स्थानीय न्यायिक समितिमा बढ्दो मुद्दाको चापका बावजुद मेलमिलापकर्ता, जनप्रतिनिधि र स्थानीय प्रहरीसँग सहकार्य गरी न्याय सम्पादनमा प्रभावकारिता ल्याउने प्रयास गरिएको छ । हाल पनि न्यायीक समितिमा जग्गा खिचौलाको ३४, लेनदेन १२, अन्य गरी ३६ गरी जम्मा ८२ मुद्दा दर्ता मध्ये फैसला भएको मुद्दा ५८ मिलापत्र भएको मुद्दा ७ वटा र फिर्ता लिएको ३ वटा र मुद्दा आदेश भएको संख्या ३३ वटा र रद्द भएको मुद्दा संख्या ७ वटा रहेको छ। साथै तामेली संख्या ७ र निर्णय संख्या १ रहेको छ ।

१०. विपद व्यवस्थापन अन्तर्गत अग्नी पीडितहरुलाई लगत राहत योजना बमोजिम यस वर्ष २१ घरधुरी परिवारलाई नगद रु ३ लाख ९६ हजार तथा सोही अनुसार तत्काल नै रु १९६००० बराबरको खाद्य तथा राहत सामग्री गरी जम्मा रु ५६४,०००। खर्च रकम उपलब्ध गराएका छौं ।

११. अति विपन्न परिवारलाई औषधी उपचार खर्च बापत ७८ जनालाई रु ९लाख ३५ हजार १८२ रुपैया सहयोग गरेको छु ।

१२. कोशी गाउँपालिकामा फेला परेका ५ वटा वेवारिसे लासलाई व्यवस्थापन गर्न रु ४७,५००।खर्च बेहोरेको छु । साथै चट्याङ्गबाट मृत्यु भएको १ जना र घाइते १ जना गरी रु ४० हजार सहयोग गरेको छु ।

१३. मिति २०८२/०२/१८ गते सम्मको अभिलेख अनुसार यस पालिका अन्तर्गत सञ्चालनमा रहेको अग्नी नियन्त्रक दमकल सेवाबाट सप्तरी, मोरङ्ग र सुनसरी जिल्लाका ११ स्थानीय तह अन्तर्गत १३९ स्थानमा सेवा प्रवाह गरेको छ ।

१४. जिल्ला ट्राफिक कार्यालय सुनसरीको अभिलेख अनुसार विगत ५ वर्षको सडक दुर्घटनामा ६२ जनाको मृत्यु, १२० जना गम्भिर घाइते, ६०३ जना समान्य घाइते भएको देखिन्छ ।यस सन्दर्भमा पनि कोशी गाउँपालिका सडक दुर्घटनामा उच्च जोखिमको अवस्थामा रहेको छ । त्यसकारणले सडक दुर्घटना न्यूनीकरण गर्न तथा दुर्घटना गरी फरार सवारी साधन तथा दोषी पत्ता लगाउन विभिन्न ठाउँमा CC Camera जडान गरेको छु र यस कार्यलाई विस्तार गर्न निरन्तरता दिनेछु ।

१५. मेडपा कार्यक्रम अन्तर्गत उद्यम विकास तालिम ३३ जनालाई, १५ जनालाई सिलाई कटाईको तालिम दिई जिवीकोपार्जनका लागि मेसिन समेत वितरण गरेको छु, ३७ जनालाई तरकारी खेती तालिम र स्प्रे वितरण गरेको छु, १० जनालाई अचार बनाउने तालिम प्रदान गरी प्रविधिहस्तान्तर गरिएको छ र यस कार्यक्रमलाई अगामी वर्षमा पनि निरन्तरता दिनेछु ।

१६. पालिकाले स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत ९८ जना विपन्न वर्गका व्यक्तिलाई निःशुल्क स्वास्थ्य बीमा गरिएको छ ।पालिकाभरिका सम्पूर्ण विपन्न परिवारलाई समेटी बीमा कार्यक्रममा समावेश गर्ने नीति लिएको छु ।

१७. पालिकाभरिका ८४ वर्ष माथिका १२९ जना ज्येष्ठ नागरिकलाई कपडा वितरण गरी सम्मान कार्यक्रम सम्पन्न गरिएको छ ।

१८. यस पालिका अन्तर्गत सञ्चालनमा रहेका वडा नं १,५ र ७ स्थित बर्थिङ्ग सेन्टरबाट हालसम्म जम्मा २५५ जना महिलाले सुरक्षित सुत्केरी सेवा प्राप्त गरेका छन् ।

१९. स्वास्थ्य सेवामा सबैको पहुँचका लागि वडा नं २ मा थप नयाँ सामुदायिक स्वास्थ्य इकाईको स्थापना गरी OPD, ANC र PNC सेवा सुचारु गरेको छु ।

२०. चालु आ.व.मा विभिन्न स्थानमा विभिन्न संघसंस्थाको सहयोगमा आँखा शिविर सञ्चालन गरि १२५० जना लभान्वित भएका छन्।

२१. वैदेशिक रोजगारमा जाने ४९ जना युवाहरुको अनलाइन फर्म भरी श्रमस्वीकृती पालिकाबाट नै जारी गरिएको छ । जसले युवाहरुलाई सेवा प्राप्तिमा सहज भएको छ।

२२. वैदेशिक रोजगारको शिलशिलामा मृत्यु भएका ३ वटा शव समयमै फिर्ता ल्याइएको छ । जसमध्ये २ जना शवको हकदारले प्राप्त गर्ने सम्पूर्ण क्षतीपूर्ति समेत उपलब्ध गराउन सफल भएको र १ जना को क्षतीपूर्ती प्राप्तिको अन्तिम चरण रहेको छ ।

२३. कोशी गाउँपालिका अन्तर्गत १४२० मिटर ड्रेन निर्माणाधिन अवस्थामा रहेको छ ।

आदरणीय गाउँसभा सदस्य ज्यूहरु,

" सुरक्षित र समृद्ध कोशीको आधार, कृषि पर्यटन र दिगो पुर्वाधार" हाम्रो दीर्घकालीन गन्तव्य हासिल गर्न अब म गाउँपालिकाको आगामी वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । यो नीति तथा कार्यक्रम तय गर्दा नेपालको संविधानको भावना, दिगो विकासका लक्ष्यहरु, नेपालको १६औं योजनाले परिलक्षित गरेका मार्गदर्शन, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गरेको दिशा निर्देशन, संघीय सरकारको नीति तथा कार्यक्रम, कोशी प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रमलाई मार्गदर्शनका रुपमा लिइएको छ ।त्यस्तै राजनीतिक दलसँगको छलफलबाट प्राप्त सुझावहरु, स्थानीय तहको स्वमुल्याङ्कनका लागि तय गरिएका सूचकहरु, जेसि अडिट रिपोर्ट, विषयगत समितिहरुबाट प्राप्त सिफारिस र हाम्रा कार्यपालिका सदस्यहरु र आम गाउँबासीहरुबाट प्राप्त सुझावहरुलाई नै प्रमुख आधार मानी तयार गरिएको हो।

## नीति तथा कार्यक्रम

### <u>पूर्वाधार तथा भौतिक विकासः</u>

१. विगतमा सप्तकोशीको पूर्वी बाँध फुटेर साविकको हरिपुर, श्रीपुरजब्दी, पश्चिम कुशाहा र लौकही गा.वि.स.मा पुगेको अतुलनीय क्षतिको बारेमा सर्वविदितै छ । त्यसपछि सिंगो बस्ती तथा गाउँ नै पलायन भएको अवस्थामा विभिन्न शासकीय प्रबन्ध एंव भौतिक पूर्वाधारको विकासको माध्यमबाट सामाजिक सदभाव सहितको अहिलेको सामाजिक अवस्था र भौतिक विकास भएको कुरा आज सबैले बुझ्नुपर्ने यथार्थ हो। पूर्वाधार विकासको नीति लिँदा त्यसले आम समुदायमा पार्ने सकारात्मक एंव नकारात्मक असरको लेखाजोखा गरेर सकारात्मक असर बढि हुने खालका नीति अनुसरण गरिने हुँदा छिटफुट नकारात्मक असरलाई गहिरो अध्ययन गरी समाधान गर्ने प्रयत्न गरिने छ ।अगामी आ.वा.मा भौतिक एवम् मानवीय पूर्वाधारको विकास गर्दा सबैको साझा महसुस हुने एवम् अपनत्व बढ्न जाने ढंगबाट नीतिगत निर्णय लिइने छ ।

   यस गाउँपालिका भित्र लौकही, भाण्टावारी र कोशी ब्यारेज मात्र स्थानीय स्तरको शहरीकरण भएको हुँदा बाँकी स्थानहरुमा पनि सन्तुलित शहरीकरण गराउनु गाउँपालिकाको दायित्व समेत हो । भौतिक पूर्वाधार र प्रशासकीय संरचनाले बस्ती विकास, मानवीय विकास र शहरीकरण बढाउने हुँदा आगामी आ.व.मा यस गाउँकार्यपालिकाको प्रशासकीय भवन निर्माण गर्दा हाल रहेको बजारक्षेत्र बाहेक अन्यत्र पायक पर्ने स्थानको खोजी गरिएको छ।यसबाट नयाँ निर्माण हुने संरचना र पूर्वाधारका कारण नयाँ बस्ती निर्माण भै बजारीकरण, शहरीकरणमा टेवा पुग्न जानेछ र कोशी गाउँपालिकाको सन्तुलित विकास हुनेछ ।

   जग्गा प्राप्ती भए पश्चात निर्माण हुने प्रशासनीक भवन अन्यत्र पर्ने भएको खण्डमा भवन निर्माण पश्चात प्रशासनीक क्रियाकलाप त्यहाँबाट नै हुने हुँदा उक्त भवन रहने स्थानलाई नै गाउँपालिकाको केन्द्र बनाउने आवश्यक प्रशासनीक एवम् कानूनी प्रवन्ध मिलाउने नीतिको अख्तियार गर्नका लागि पहल गरिएको छ । जुन यो आ.व.मा जग्गा प्राप्तिका लागि लौकही देखि पश्चिम जमुवा देखि पूर्व महेन्द्र राजमार्गको उत्तर वा दक्षिणमा राजमार्गबाट बढीमा १२५ फिटको दुरीमा जग्गा खोजीको क्रियाकलाप अन्तिम चरणमा रहेको छ ।

अहिले कोशी गाउँपालिका अन्तर्गत रहेका अधिकांश बजार क्षेत्र वा ग्रामीणक्षेत्रमा विषाक्त एंव अवैध मदिराको उत्पादन/उपलब्धताले स्थानीयबासीको स्वास्थ्य जटील बन्न थालेको हुँदा यसलाई तत्काल नियन्त्रण गर्नु अपरिहार्य रहेको छ । अगामी आ.व.मा कोशी गाउँपालिका भित्र अवैध र विषाक्त मदिराको पूर्ण रुपमा नियन्त्रण गर्न संघीय सरकार, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, आन्तरिक राजश्व कार्यालयसँग समन्वय कायम गरी परिणाममुखि अभियान सञ्चालन गरिनेछ ।

२. पूर्वाधार विकासको मूल आधार मानिने सडक पूर्वाधारको विकासलाई उच्च प्राथमिकता दिई मुख्य सडक र सहायक सडकको प्याकेज बनाई गाउँपालिकाले ४ वर्ष अगाडी लगाएका बहुवर्षिय ठेक्काहरुको म्याद आगामी वर्ष पुरा हुँदैछ । ठेक्का अनुरुपको कार्य समयमै सम्पन्न गराई भूक्तानीका लागि श्रोतको सुनिश्चितता गर्ने नीति लिएको छु ।

३. २०६५ सालको बाढीको कारणले गर्दा विकासका पूर्वाधाहरुको अवस्थामा शुन्यप्राय रहेको यस पालिकामा २०७४ सालको प्रथम स्थानीय तह निर्वाचनमा निर्वाचित भएपश्चात मैले वाचा गरे अनुसार सडक र भवन निर्माण कार्य तिव्रगतिमा भएर मेरो यो दोस्रो कार्यकालमा त्यसलाई निरन्तरता दिदैं पूर्वाधारको अन्य क्षेत्रमा पनि विकास भएको कुरा यहाँहरुलाई अवगत रहेको छ र त्यसको अनुभूति पनि गर्नुभएको कुरा मैले महसुल गरेको छु। मेरो दोश्रो कार्यकालमा यस पालिका भित्र लगभग २० कि.मि. सडक कालोपत्रे गरेको र बाँकी २१ कि.मि. अगामी २ आ.व. मा सम्पन्न हुने प्रतिबद्धता जाहेर गर्दछु।

४. वडा नं ७ को सामुदायिक भवन र वडा नं १ को कृषि भवन निर्माणाधिन रहेको छ र यथाशिघ्र कार्य सम्पन्न गरी हस्तानन्तरण गरिने छ ।

५. वडा नं १ मा १२ करोड लागतको Emergency Response Centre टेन्डर प्रक्रियामा रहेकोछ । यसको निर्माणले यस पालिका, बराहक्षेत्र नगरपालिका र भोक्राहा नरसिंह गाउँपालिका लगायत यस क्षेत्र कै नागरिकहरुलाई घटनाबाट उद्दार कार्य गर्न सहज हुने तथा पालिकालाई थप आर्थिक भारबाट जोगिन मदत पुग्नेछ र उक्त परियोजनाले रोजगारी र आर्थिक विकासमा टेवा पुऱ्याउनेछ ।

६. विकासको सबै क्षेत्रको ढोका भौतिक विकासको पुर्वाधारबाटै खोलिने हुदाँ **"गाउँमा दिगो भौतिक पुर्वाधार, कृषि र पर्यटन संमृद्धिको आधार"** राखि भौतिक पूर्वाधारको विकासमा विशेष जोड दिने नीति लिएको छु ।

७. "हाम्रो सडक हाम्रो सहभागिता, स्तरीय सडक, हाम्रो प्रतिबद्धता" भन्ने नारा अनुरुप सडक पेटीमा हरियालीका निम्ति वृक्षारोप गरी स्थानीयलाई हस्तानान्तरण गरिने छ ।

८. गत विगत सालका अधुरा क्रमागत योजनाहरुलाई अगामी आ.व.मा पहिलो प्राथमिकतामा राखी सम्पन्न गराइने नीति लिएको छु ।

९. सबै खुसी, सबै उज्यालो"कार्यक्रम सहितको अभियान सञ्चालन गरी विद्युत सुबिधा उपलब्ध नभएका बस्ति तथा गाउँका चोकगल्लीहरुमा प्राथामिकता साथ सडक विधुतिकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१०. पालिका भित्र १ वडा १ खेल मैदानको व्यवस्थाको विकासलाई निरन्तरता दिइने छ ।

११. अव्यवस्थित हाटबजारलाई व्यवस्थित ढंगबाट सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन गरिनेछ ।उक्त कार्यको लागि सम्बन्धित वडाहरुमा सार्वजनिक जग्गाहरुको पहिचान गरी हाटबजार व्यवस्थित गरिनेछ ।

१२. पुर्वाधार विकासका लागि जनसहभागिता र जनपरिचालनमा आधारित कार्यक्रमलाई प्राथामिकता साथ कार्यान्वयनमा जोड दिईनेछ । गाउँपालिका क्षेत्रमा उपभोक्ता मार्फत सञ्चालन हुने आयोजनामा भवन र कंक्रिटको काममा ५ प्रतिशत, माटो ग्राभेलको काममा १० प्रतिशत र माटोको काममा १५ प्रतिशत उपभोक्ताको तर्फबाट लागत सहभागिता जुटाउने नीति लिएको छु ।

१३. गाउँपालिका क्षेत्रमा पुर्वाधार निर्माण गर्दा महिलामैत्री, बालमैत्री, अपाङ्गमैत्री र बाताबरण मैत्री गर्ने नीति कायम रहनेछ ।

१४. भौतिक पुर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समिति र अनुगमन समितिलाई थप प्रभावकारी बनाईनेछ ।

१५. गाउँको पहिचान दिने, रोजगारी र स्वरोजगारी श्रृजना गर्ने, स्थानीय श्रोत साधनको अधिकतम प्रयोग गर्ने योजना कार्यक्रमलाई प्राथमिकता दिई गरिबी न्युनिकरण एवं समावेशी विकासबाट समाजिक विभेद कम गर्दै जाने नीति लिएको छु ।

१६. बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत निर्माण मापदण्डको परिधीभित्र रहेर घर नक्सा पास गर्ने कार्यलाई व्यवस्थित तुल्याईने नीतिलाई निरन्तरता दिइनेछ।

१७. ठूला भौतिक विकासका कार्य गर्न प्रदेश सरकार, संघीय सरकार लगायत अन्य साझेदारसँग समन्वय गर्न प्राथमिकता दिईनेछ ।

## आर्थिक विकास सम्बन्धीः

१. अध्यक्ष कृषि आधुनिकीकरण कार्यक्रमको दायरा विस्तार गरिदै लगिनेछ। गरीबी निवारणका लागि अन्तर सरकार, लघु उद्म विकास कार्यक्रम र अध्यक्ष कृषि आधुनिकीकरण कार्यक्रमका मिल्दो कृयाकलाप बिच टाई-अप गर्ने नीति लिएको छ।

२. कोशी गाउँपालिका वडाहरुमा एक वडा एक उत्पादन पकेट क्षेत्रको रुपमा प्राविधिक सम्भाव्यता अध्ययन गरि तरकारी तथा फलफुलको उत्पादन वृद्धिमा जोड दिइनेछ ।

३. कृषकहरुलाई आवश्यक्ता अनुसार व्यवसायिक कृषि तालिमको लागि विशेष जोड दिईनेछ।

४. उपभोक्ता अधिकार सुनिश्चित गर्नका लागि उपभोग्यवस्तु गुणस्तर सम्बन्धि जनचेतना अभिवृद्धि गराउने र नियमित बजार अनुगमन तथा नियमन प्रणालिको विकास गरिनेछ।

५. दुग्ध व्यवसायलाई प्रवर्द्धन गर्न पशुपालक कृषकलाई प्रोत्साहित गरिनेछ ।

६. गाउँपालिकामा औद्यौगिकमैत्री वातावरण श्रृजना गरी रोजगारी सृजना हुने क्षेत्रमा लगानी गर्न लगानीकर्ताहरुका लागि लगानी मैत्री वातावरण सृजना गर्ने नीति लिईनेछ ।

७. कृषि तथा पशुपंक्षिपालनमा देखिएको बढ्दो महिला सहभागीतालाई प्रोत्साहन गर्दै उहाँहरुको सशक्तिकरणका लागि आवश्यक तालिम तथा साना व्यवसायिक महिलामुखि कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ ।

८. माछा पालन व्यवसायलाई अझ प्रवर्द्धन गर्ने नीति लिएको छु । माछा पालन गरी जिविकोपार्जन गर्ने सबैलाई जाल लगायतका उपकरण उपलब्ध गराउने नीति लिएको छु ।

९. गाउँपालिकाको विकास निर्माणका लागि थप श्रोत जुटाउन नगर विकास कोषबाट ऋण सहयोग लिई बजारीकरण तथा पर्यटन पार्कमा लगानी गरिनेछ ।

१०. गाउँपालिका क्षेत्रमा सञ्चालित सहकारीको प्रवर्धन तथा नियमनमा तदारुकताका साथ जनशक्ति परिचालन गरिनेछ ।

११. कृषि विद्युत महसुलमा अनुदान दिने नीती लिएको छु ।

१२. संघीय डीप बोडिङ्ग कार्यक्रम साझेदारीमा सञ्चालन गर्न नीति लिएको छु ।

१३. कृषि विद्युतीकरणलाई नेपाल विद्युत प्राधिकरणसंग साझेदारी गरी सञ्चालन गर्ने नीति लिएको छु ।

१४. कोशी गाउँपालिकाबाट वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको सुरक्षित र मर्यादित रोजगारी सुनिश्चित गर्न र उनीहरुको परिवारलाई सुरक्षाको लागि राज्यबाट प्रत्याभूत गराउनका लागि यस पालिकामा सुरक्षित आप्रवासन कार्यक्रम(सामी)लागु गरेको छु ।

## वितिय व्यवस्थापन सम्बन्धीः

१. गाउँपालिकामा रहेका मर्मत सम्भारकोष, विपत व्यवस्थापन कोषको उद्देश्य अनुसार रकम अभिवृद्धि गरी लक्षित वर्गको हितमा बढि प्रतिफल प्राप्त हुने गरी परिचालन गर्ने नीति लिईनेछ।
२. राजश्व संकलन लगायतका कार्यहरु कम्प्यूटरको माध्यमबाट सञ्चालन गरि सुचना प्रविधिमैत्री बनाउन आवश्यक साधन उपलब्ध गराई क्षमता विकास सम्बन्धि तालिमलाई निरन्तरता दिइनेछ।
३. कोशी गाउँपालिकाको नाममा रहेको कर्मचारी कल्याणकोषलाई अभिवृद्धि गरी कर्मचारीको हितमा बढी प्रतिफल प्राप्त हुने गरी परिचालन गर्ने नीति लिईनेछ ।
४. कार्यालयमा भएको साधन, मेशिन, उपकरणहरुको समय मै नियमित मर्मत सम्भार गर्ने, अधिकतम परिचालन गर्ने र श्रोत अभिवृद्धिमा समेत प्रयोग गर्ने नीति लिईनेछ ।
५. गाउँपालिकाबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुमा वित्तिय जोखिम न्युनिकरण गर्नका लागि निर्माण तथा खरिद प्रक्रियाहरुलाई बढि प्रतिस्पर्धात्मक बनाउन विगत देखि प्रयोगमा ल्याईएको विद्युतीय इ-टेन्डरलाई प्रभावकारी रुपमा प्रयोग गरिनेछ ।
६. आन्तरिक लेखापरीक्षण शाखाको स्थापना गरी आन्तरिक लेखा परिक्षणलाई प्रभावकारी बनाईनेछ।
७. हालसम्म व्यवसाय दर्ता गराउन छुट रहेको व्यवसायीको लागि आ.व.२०८२/८३ मा इ-रिक्सा दर्ता गराउनेलाई सम्बन्धित निकायसंग समन्वय गरी पालिकाबाट दर्ता गर्ने कार्यका लागि पहल गरिनेछ।

## <u>सार्वजनिक सेवा एवं सुशासन प्रवर्द्धनः</u>

१. गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरुबाट प्रवाह हुने सेवाहरु अझ छिटो छरितो तथा सुशासन मैत्री रुपमा प्रवाह हुने वातावरण मिलाइएको छ । पालिका अन्तर्गतका कुनै पनि, शाखा, वडा वा निकायका कर्मचारी सम्बन्धमा आर्थिक अनियमितता/भ्रष्टचारको गुनासो आएमा शुन्य सहनशिलताको नीति लिएको छ।
२. महिनामा एक पटक 'जनतासँग अध्यक्ष' कार्यक्रम आगामी आबमा पनि कायमै राखिएको छ । यो कार्यक्रम ८ वटै वडामा र आवश्यकता अनुसार प्रत्येक टोलमा पनि जनताले आफ्नो पिरमर्का तथा गुनासो राख्ने सार्बजनिक सुनवाईका रुपमा सञ्चालन गरिनेछ ।
३. वडा कार्यालयहरुबाट प्रवाह हुने सेवामा सर्वसाधारण जनताको पहुँच वृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै वडा कार्यालयहरुलाई प्रविधिमैत्री बनाउने र वडा कार्यालयहरुको पूर्वाधार विकास गर्ने नीति लिईनेछ ।
४. सुशासन पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन गाउँपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको समाजिक प्रभावको लेखाजोखा गर्ने गरी समाजिक परीक्षण र आयोजना कार्यक्रमहरुमा सार्वजनिक परीक्षण गरिनेछ ।
५. गाउँपालिकाको अधिकारिक वेवसाईटलाई नियमित अपडेट गरी नागरीकलाई प्रवाह गर्ने सेवालाई सूचना प्रविधिमा अधारित बनाउन अभिप्रेरित गरिनेछ ।
६. सूचना पहुँच अभिवृद्धि गर्न गाउँपालिकामा जनप्रतिनिधी र कर्मचारीहरुलाई प्रविधिमैत्री तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
७. गाउँपालिकामा एउटा व्यवस्थित सुचना केन्द्रको स्थापना गरीएको छ ।
८. गाउँपालिकाको संस्थागत विकास तथा सुशासन, जवाफदेहिता तथा पारदर्शिता कायम गर्न आवश्यक्ता अनुसार नियम विनियम तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।
९. जनप्रतिनिधि तथा कर्मचारीहरुको आचार संहिताको कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ ।
१०. जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकास गरी सेवा प्रवाहलाई गुणस्तरीय र जनमैत्री बनाईनेछ ।
११. कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कृत गर्ने नीति लिईनेछ ।

१२. आर्थिक बर्षको अन्त्यमा गाउँपालिकाबाट सम्पादित गरिएका सम्पुर्ण गतिविधिहरुलाई वृत्तचित्र बनाई प्रशारण गर्ने गराउने व्यवस्था मिलाईनेछ ।

१३. कोशी गाउँपालिकाभित्र शान्ति र सदभाव कायम राख्न संघ तथा प्रदेश सरकारसंग समन्वय गर्न आवश्यक बजेटको विनियोजन गरिने छ ।

१४. पालिकाबाट करार सेवामा लिइएका कर्मचारीहरुलाई कार्यसम्पादन मूल्याङ्कनको आधारमा करार अवधि थप गर्ने नीती लिएको छ ।

## सामाजिक विकास सम्बन्धीः

१. महिला नेतृत्व विकास र सशक्तिकरणका लागि क्षमता विकास कार्यक्रम तथा आय आर्जनका लागि सीप विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. एकल तथा दलित महिलाहरुका हित प्रवर्धन गर्ने, सीप विकास र आय आर्जन गर्ने कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिईनेछ ।

३. सामाजिक कुरीतिको रुपमा रहेको बालबिवाह, बहुबिवाह, बोक्सी प्रथा, रुढीवाद, अन्धविश्वास एवं भ्रमहरु हटाउन सामाजिक परिचालन मार्फत् सचेतीकरण गरिनेछ ।

४. नवजात शिशु, बालबालिका गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य हितका लागि पोषण सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ।

५. शिशु जन्मेको ३५ दिन भित्र जन्म दर्ता गराउन आउँदा शिशु पोषण खर्च वापत रु १००० वडा तहबाटै उपलब्ध गराउने व्यवस्था कायमै राखिनेछ।

६. समाजका अग्रज ज्येष्ठ नागरिकहरुको अवस्था विशेषको आधारमा कार्यक्रमको तथ्यांक व्यवस्थित गरिनेछ ।

७. गाउँपालिकाबाट प्रदान गरिने सेवाहरुमा असहाय अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती, सुत्केरीलाई सेवामा अग्राधिकार दिईनेछ ।

८. कोशी गाउँपालिकामा अपाङ्गतामैत्री बनाउनका लागि कार्ययोजना निर्माण गरी कार्यक्रम कार्यान्वय गरिनेछ।साथै अपाङताको प्रकृति अनुसारका सहयोगी सामानहरु बितरण गर्न रकम विनियोजन गरिएने छ ।

९. लैगिंक अल्पसंख्यकहरुको मुलप्रवाहीकरणका लागि क्षमता अभिवृद्धि र आय आर्जनमा सहकार्य गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. युवावर्गहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न अतिरिक्त क्रियाकलाप, व्यवसायीक तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

११. युवावर्गलाई खेलकुदको माध्यमबाट स्वस्थ्य जीवनशैली र सृजनात्मक क्षमताको विकास र समाजको प्रतिष्ठा अभिवृद्धि गर्न प्रेरित गरिनेछ ।

१२. खेलकुदको विकासको लागि प्रत्येक बर्ष खेलकुद संघसंस्थाहरुको साझेदारीमा अध्यक्ष कप खेलकुदको आयोजना गरिनेछ।

१३. समयको माग अनुसार गाउँपालिका क्षेत्रका सामुदायिक विद्यालयहरुलाई क्रमश अंग्रेजी माध्यममा रुपान्तरण गरिनेछ ।

१४. स्वच्छ खानेपानीमा सम्पूर्ण गाउँवासीको पहुँच कायम गर्न अधुरा खानेपानी योजनाहरुलाई सम्पन्न गराउन संघीय तथा प्रदेश सरकारसंग पहल गरिनेछ ।

१५. सिमान्तकृत वर्गमा पर्ने समुदायको सँस्कृति जोगाउनका लागि आवश्यक सामाग्री उपलब्ध गराउने प्रबन्ध मिलाइनेछ ।

१६. अति विपन्न गरीव परिवारलाई विवाह कार्यक्रममा सहयोग गरिनेछ ।

१७. कोसी महोत्सव कार्यक्रमलाई अगामी वर्ष भव्यताका साथ गरिनेछ ।

१८. ८ वटै वडाका प्रति वडा ५०-५० जना समावेश हुने गरी सिलाई कटाई, ड्राइभिङ्ग, इलेक्ट्रिसियन, पलम्बिङ्ग, मिथिला पेन्टिङ्ग र सिकिममुनी, कम्प्युटर तालिम र रोजगारकेन्द्रित प्रतिस्पर्धात्मक क्षमताको अभिवृद्धी हुने कार्यक्रम सञ्चालनको व्यवस्था गर्ने नीति लिएको छु ।

१९. सचेतनामुलक हरेक कार्यक्रमहरु प्रदशर्न विधिबाट सञ्चालन गर्ने नीति लिएको छु ।

२०. यस गाउँपालिका अन्तर्गत सबै नागरिकलाई स्वच्छ र गुणस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपलब्ध गराउन अगामी आर्थिक वर्षमा जलवायु उत्थान्शील समावेशी खानेपानी सरसफाइ तथा स्वच्छता योजनालाई अनुमोदन गर्ने, पूर्णता दिन र MIS लाई नियमित अध्यावधिक गर्न आवश्यक बजेट विनियोजन गरिने छ ।

२१. जलवायु उत्थान्शील समावेशी खानेपानी सरसफाइ तथा स्वच्छता योजना अनुसार लक्ष्यहरु हासिल गर्नका लागि लगानि वृद्धि, सेवा दक्षता अभिवृद्धि, प्रभावकारिता, सुशासन कायम गर्दै विद्यमान खानेपानी आयोजनाहरुको स्तरोन्नती, मर्मत र सञ्चालन गर्न बजेट विनियोजन गरी स्वच्छ र गुणस्तरीय खानेपानी सेवा सुनिश्चित गरिने छ ।

२२. घरयाशी स्तरमा खानेपानीको शुद्धिकरण तथा स्वच्छता सम्बन्धि व्यवहार परिवर्तनका लागि महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाको क्षमता अभिवृद्धि गरी समुदायमा जनचेतनामुलक अभियानका लागि बजेट विनियोजन गरिनेछ ।

## स्वास्थ्य सेवा प्रवर्धन सम्बन्धीः

१. नहरचौक स्थित आयुर्वेद स्वास्थ्य इकाइमा दिन प्रतिदिन सेवाग्राहीको चाप बढ्दो छ । आयुर्वेद स्वास्थ्य संस्थाको स्तोरउन्नती गर्न जिल्ला आयुर्वेद मार्फत प्रदेश स्वास्थ्य मन्त्रालयमा आवश्यक पहल गरी स्तोरउन्नती गरिनेछ ।

२. पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवाको गुणस्तरीयता बढाउन समयमै औषधिको उपलब्धता हुने र जनशक्ति व्यवस्थापन लाई प्राथमिकतामा राखिनेछ । प्रसुती गृह तथा स्वास्थ्य प्रयोगशालामा जनशक्ति व्यवस्थापन तथा लजिष्टिक सपोर्टका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३. पालिका अन्तर्गतका स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई, प्रसुती गृह तथा प्रयोगशालामा कम्तिमा महिनामा एक पटक पालिकाको अनुगमन टोलीबाट स्थलगत अनुगमन गर्ने गराउने नीति लिएको छु।

४. स्वंयम् सेविकाले प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउन प्रत्येक स्वंयम सेविकालाई प्रदान गरिदै आएको मासिक रु.१५००। मा रु ५०० थप गरी रु २००० कायम गरेको छु ।

५. उपभोक्ता अधिकार, गुणस्तर सम्बन्धि जनचेतना अभिबृद्धि गराउने र कालोबजारी नियन्त्रण, नियमित बजार अनुगमन गर्ने र आवश्यक मापदण्ड बनाई स्वच्छ खाद्यान्न किन्न पाउने उपभोक्ताको अधिकार सुनिश्चत गरिनेछ ।

६. मोतियाबिन्दु तथा रतन्धो आँखा रोग भएका व्यक्तीहरुलाई आँखा उपचार तथा अप्रेशन खर्च बापत अप्रेशन पश्चात रु.३०००। उपलब्ध गराउने व्यवस्थालाई अगामी वर्ष पनि कायम राखिनेछ।

७. विभिन्न औषधी उपचार सहयोग तथा स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८. "स्वस्थ्य युवा सुन्दर पालिका" नारालाई आत्मसाथ गर्नका लागि कुलत संगतमा लागेका युवाहरुलाई क्षमता तथा सीप अभिवृद्धि गर्न चेतनामुलक कार्यक्रम तथा रोजगारमुलक तालिम दिइनेछ ।

## वन, वातावरण तथा विपद व्यवस्थापनः

१. खानेपानी सरसफाई तथा स्वच्छता तथ्याङ्क NWASH राष्ट्रिय सूचना प्रणालीमा प्रविष्ट गरी गुरु योजना तयार गरिनेछ ।

२. यस गाँउपालिकामा विपद व्यवस्थापनका लागि स्थापना गरिएको विपद ब्यबस्थापन कोषलाई प्रत्येक वर्ष बृद्धि गरिदै लगिनेछ ।

३. भविष्यमा विपद न्युनिकरणको लागि पूर्वसुचना प्रणाली सम्बन्धि कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

४. गाउँपालिकालाई वातावरणमैत्री हरित गाउँको रुपमा विकास गर्न वृक्षारोपन तथा वन-बुट्यानको संरक्षण गरी हरितगृह प्रभावलाई न्युनिकरण गर्ने निती लिईनेछ ।

५. विपदको अवस्थामा खोज तथा उद्धारको लागि विपद व्यवस्थापनमा काम गर्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय गरी स्वयंसेवक र उद्धार राहत सामग्रीहरुको भण्डारण र पुर्व तयारीको व्यवस्था मिलाईनेछ ।

६. यस गाउँपालिकामा सर्बसाधारणका सुविधाका लागि थप एम्बुलेन्स सेवा प्रासिका गर्न पहल तथा आवश्यक बजेट विनियोजन गरिनेछ ।

७. पालिकाका ८ वटै वडा कार्यालयहरुमा फोहरमैला सम्बन्धि नागरिक सचेतना कार्यक्रम सञ्चालन र सबै वडाहरुमा वडा स्तरीय खानेपानी, फोहरमैला, स्वच्छता समन्वय समिति गठन गरिनेछ ।तथा गाउँपालिका क्षेत्रमा संकलन गरिएको फोहोर व्यवस्थापनका लागि एक डम्पिङ साइडको व्यवस्था मिलाउन आवश्यक परे जग्गा लिजमा पनि लिनका सकिनेछ ।

८. बजार तथा पर्यटक आवगमन हुने क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गर्न प्राथमिक्ता दिइनेछ तथा घुम्ती शौचालय सञ्चालनको व्यवस्था मिलाइनेछ ।

९. गाउँमा ठुला आयोजनाहरु सञ्चालन गर्दा अनिवार्य वातावरणीय प्रभाव मुल्यांकन अध्ययन गरिनेछ।

१०. स्थानीय संघ संस्था क्लबहरुसंग सहकार्य गरी हरेक वडामा सम्भव भएसम्म शारिरीक व्यायाम खेलकुद र मनोरंजन गर्ने खालका मैदान एवं पार्क उद्धान निर्माण गरी सञ्चालन गर्ने नीति लिईनेछ।

११. जलवायु अनुकुलन सम्बन्धि कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

१२. सार्वजनिक जग्गाको संरक्षण गर्न वडा समिति र समुदायलाई सहभागी गराई उत्तरदायी बनाईनेछ ।

१३. कोशी गाउँपालिकासंगै सुनसरी जिल्ला भरि आगलागी नियन्त्रणमा हाम्रो दमकल तथा अग्नी नियन्त्रक दलले सराहनीय कार्य गरेको प्रति धन्यवाद ज्ञापन गर्दै विपद् व्यस्थापनमा पूर्व सावधानी अपनाउने तथा नियन्त्रण कार्यका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

**शिक्षासम्बन्धीः**

१. सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थिको अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान भइसकेकोले अपुग शिक्षक पालिकाबाट व्यवस्था गरिनेछ । दरबन्दी अनुसारको शिक्षक व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ । साथै शिक्षक आपुर्ति नभए सम्मका लागि अपुग भएका विद्यालयमा गाँपालिकाबाट उपलब्ध गराएका शिक्षकहरुलाई आगामी आ.व.मा पनि निरन्तरता दिईनेछ।

२. अनुदानबाट सञ्चालित धार्मिक विद्यालयहरुमा विद्यार्थीको संख्याको आधारमा विषयगत शिक्षक, कर्मचारी र बालविकासको व्यवस्था आन्तरिक श्रोतबाट गरिने नीति लिएको छु ।

३. पालिकाभित्र एउटा आधारभूत विद्यालयलाई नमुना अंग्रेजी माध्यमको स्कूलमा रुपान्तर गरिने नीति लिएको छु ।

४. बालविकास स.का. तथा शिक्षकहरुको पेशागत विकास तथा विद्यार्थीहरुको गुणस्तर अभिवृद्धिका लागि आवश्यक आधारभूत, प्रविधिमैत्री तथा एडभान्स तहका तालिम तथा कार्यशाला आयोजना गरिनेछ ।

५. शैक्षिक सत्र २०८२ देखि कक्षा ५ को वार्षिक परीक्षा गाउँपालिका स्तरमा नै सञ्चालन गर्ने नीति लिएको छु ।

६. शैक्षिक क्षेत्रमा आमूल परिवर्तन ल्याउन भएका नीतिगत निर्णयहरु तथा तयार भएका कार्यविधिहरु अविलम्ब कार्यान्वयनमा ल्याइनेछ । समय सापेक्ष थप कार्यविधिहरु आवश्यक भए तयार गरि विद्यार्थी संख्या अनुपातमा शिक्षक दरबन्दि मिलान, प्रधानाध्यापक नियुक्ति, शिक्षकहरुको रोटेशन अनुसार आन्तरिक सरुवा गर्ने नीति लिएको छु ।

७. यस पालिका अन्तर्गतका दलित समुदायका विद्यार्थीहरुलाई प्राविधिक धारतर्फ(प्रि-डिपलोमा तह सर्भे इन्जिनियरिङ्ग) अध्ययनका लागि छात्रवृतीको व्यवस्था गरिने छ ।

८. विद्यालयहरुको नियमित अनुगमनलाई प्रभावकारी बनाइने छ । विद्यालाय समायोजन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

९. पालिकाभरिका विद्यार्थीहरुको अन्तर्निहीत क्षमता अभिवृद्धी गरी सक्षम तुल्याउन प्रत्येक विद्यालयमा सीपमुलक तालिम तथा अतिरिक्त कृयाकलाप सञ्चालन गर्ने निती लिएको छु ।

१०. अध्यक्षकप खेलकुद प्रतियोगिता आयोजनालाई व्यवस्थित गर्दै लगिनेछ । निश्चित समय तालिका बनाई विद्यालयमा खेलकुद सप्ताह र अध्यक्षकप बीच TIE-UP गर्दै अध्यक्ष कपमा विद्यार्थीको सहभागीता बढाउने नीति लिएको छु ।

११. छात्रालाई समेत खेलकुदमा अगाडी बढ्न प्रोत्साहन गर्न नीति लिएको छु ।

१२. पालिका,प्रदेश र राष्ट्रिय खेलकुद महासंघको समन्वयमा पालिकाद्वारा खेल प्रतियोगितको आयोजना गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

१३. विद्यालय तथा मदर्साहरुमा स्वच्छ खानेपानी तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था मिलाइने छन् ।

१४. पिछडा दलित तथा जनजाती वर्गका विद्यार्थीहरुले चिकित्सा शिक्षा आयोगको चिकित्सा शिक्षा साझा प्रवेश परीक्षा उत्तीर्ण गरेमा विद्यार्थीहरुलाई पालिकाबाट प्रोत्साहन सहित सहयोग गर्ने निती लिएको छु।

**<u>राजश्व परिचालन एवम् श्रोत अभिवृद्धिः</u>**

१. कर प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउने सवालमा व्यपारी व्यवसायीहरुको प्रतिनिधिमुलक संस्था स्थानीय उद्योग वाणिज्य संघ संग सहकार्य र समन्वय गर्दै अगाडी बढने नीति लिइनेछ ।

२. यस गाउँपालिकाको स्वामित्वमा रहेका र पालिकाको संरक्षण र परिचालन गर्न सक्ने भवन जग्गा जमिन, हाटबजार तथा अन्य भौतिक सम्पतिको अभिलेख अध्यावधिक गरी यसलाई राजश्व आम्दानी गर्ने माध्यमका रुपमा परिचालन गरिनेछ । यस्ता श्रोतहरुको परिचालन गर्दा पारदर्शी प्रतिस्धपर्धात्मक पद्यतीको प्रक्रियालाई अवलम्बन गरिनेछ ।

३. विशेष परिस्थितिमा उल्लेखित कर, शुल्क दस्तुर आदिका दरहरु कार्यन्वयनमा समस्या आएमा अगामी गाउँ सभाबाट अनुमोदन गराउने गरी गाउँ कार्यपालिकाबाट कर शुल्क, दस्तुर आदिका दरहरुमा आवश्यकता अनुसार हेरफेर गर्न सकिनेछ।

४. कर संकलन कार्यमा संलग्न कर्मचारी पदाधिकारीहरुलाई प्रोत्साहित गर्न वार्षिक लक्ष्यभन्दा बढी कर संकलन भएमा लक्ष्यभन्दा बढी संकलन भएको रकमबाट उत्कृष्ट योगदान गर्ने कर्मचारी तथा पदाधिकारीलाई कार्यपालिकाको निर्णयबाट प्रोत्साहन पुरस्कार तथा सम्मानको व्यवस्थालाई यथावत राखिनेछ ।सोही अनुरुप यस पालिकासंग आवद्ध भई क्रियाकलाप गर्ने व्यक्ति, वा संस्थालाई उचित सम्मान गरिनेछ ।
५. गाउँपालिकाले उठाउने आन्तरिक राजश्व श्रोत तर्फको कर शुल्क, दस्तुरको दर रेट सम्बन्धमा सबै करदातालाई समेटी करको दायरा फराकिलो बनाई सामाजिक न्याय सुनिश्चित गरिने छ ।

आदरणीय महानुभावहरु,

मैले प्रस्तुत गरेको गाउँपालिकाको नीति तथा कार्यक्रम अनुसार नीति तथा कार्यक्रम निर्माण भई कार्यान्वयनमा आउँदा रोजगारी सृजना देखी स्वास्थ्य क्षेत्रमा देखिने गरी सकारात्मक परिवर्तन हुने विश्वास लिएको छु ।

अन्तमा, यो वार्षिक नीति तथा कार्यक्रम निर्माण गर्न महत्वपूर्ण सहयोग गर्नु हुने उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, लेखा अधिकृतज्यू, गाउँसभाका सदस्यज्यूहरु लगायतका विषयगत समितिका सदस्यज्यूहरु, राजश्व परामर्श समितिका पदाधिकारीज्यूहरु, कार्यापालिकाका सम्पूर्ण सदस्यज्यूहरु, संचारकर्मीज्यूहरु, गाउँपालिकाका सम्पूर्ण कर्मचारी साथीहरु एवम् सरोकारवालाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

ऐयुव अंसारी
अध्यक्ष

असार ८, २०८२

यस कार्यक्रमका अध्यक्ष एवम् कोशी गाउँपालिकाका अध्यक्ष आदरणीय श्री ऐयुव अंसारीज्यू, प्रमुख अतिथि जिल्ला समन्वय समिति महासंघका केन्द्रीय अध्यक्ष एवम् जिल्ला समन्वय समिति सुनसरीका प्रमुख श्री राजन मेहताज्यू, विशिष्ठ अतिथिज्यूहरु, गाँउसभा सदस्यहरुज्यू, राजनीतिक दलका प्रमुख एंव प्रतिनिधिहरु, सभाका सचिवज्यू एंव राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षा निकायका प्रमुखज्यूहरु, सञ्चारकर्मीहरु, बुद्धिजीवि, समाजसेवीज्यूहरु, तथा यस गरिमामय सभामा उपस्थित हुनुभएका सबैमा नमस्कार। जय नेपाल ।

**उपस्थित महानुभावहरु,**

**अब म यस गाउँपालिकाको चालु आर्थिक वर्षको जेष्ठ महिनासम्मको आय/व्ययको संक्षिप्त उपलब्धी प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

यस पालिकाको चालु आ.व.२०८१/०८२ को लागि गाउँ सभामा **उन्साठी करोड एकानब्बे लाख चौध हजार सातसय एकसठी पैसा अठार** संसोधन सहित बजेट प्रस्तुत गरिएको थियो। २०८२ जेष्ठ मसान्त सम्ममा जम्मा **उन्नपचास करोड तेहतर लाख नब्बे हजार दुई सय पचास पैसा बतीस** जुन (८३.२०प्रतिशत) आम्दानी भई **रु तीस करोड सत्तरी लाख उनान्सय हजार एक सय तेरानब्बे पैसा अठासी** खर्च भएको छ। जुन कुल बजेटको ५१.२५ प्रतिशत हो। यस मध्ये चालु खर्च **रु सैतीस करोड पचपन्न लाख बियालिस हजार छ सय चालिस पैसा अठार** विनियोजन भएको मध्ये **रु पचीस करोड अरतीस लाख अठाइस हजार दुई सय तेरानब्बे पैसा तेतीस जुन** (६७.५९ प्रतिशत) र पुँजीगत तर्फ विनियोन भएको **रु बाइस करोड पैतीस लाख** मध्ये **रु पाँच करोड बतीस लाख सत्तरी हजार नौसय पैसा पचपन्न** जुन (२३.८३ प्रतिशत) खर्च रहेको यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

आदरणीय महानुभावहरु,

अब म यस सभामा प्रस्तुत गरिएको नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु।

क. अगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न सामाजिक सुरक्षा भत्ताको रकम बाहेक ६० करोड ९ लाख ३७ हजार १ सय ७ रुपैया कुल बजेट तर्जुमा गरेको छु ।

ख. सामाजिक सुरक्षा भत्ता तर्फ खर्च हुने १४ करोड को छुट्टै अनुमान प्रस्तुत गरेको छु ।

ग. अगामी वर्षका लागि माथि अनुमान गरिएको खर्च बेहोर्ने श्रोतहरु मध्ये निम्नानुसारको श्रोतबाट निम्नानुसार बजेट प्राप्त हुने अनुमान पेश गरेको छु ।

| | | |
|---|---|---|
| १ | संघीय सरकार वित्तीय सामानीकरण | १२ करोड ४९ लाख रुपैयाँ |
| २ | मूल्य अभिवृद्धि कर | ८ करोड १९ लाख २४ हजार ८३० रुपैयाँ |
| ३ | अन्तशुल्क रु. | २ करोड ७३ लाख ८ हजार २७७ रुपैयाँ |
| ४ | वन रोयल्टी रु | १० लाख रुपैयाँ |
| ५ | संघीय सरकार सशर्त संचालन अनुदान | २० करोड ९२ लाख रुपैयाँ |
| ६ | संघीय सरकार सशर्त पूँजीगत रु | १ करोड ७१ लाख रुपैयाँ |
| ७ | संघीय सरकार विशेष अनुदान पूँजीगत | १ करोड ६५ लाख रुपैयाँ |
| ८ | संघीय सरकार समपुरक अनुदान | ८७ लाख रुपैयाँ |
| ९ | प्रदेश सरकार वित्तीय समानीकरण | १ करोड १९ लाख ५७ हजार रुपैयाँ |
| १० | प्रदेश समपूरक अनुदान | ९० लाख रुपैयाँ |
| ११ | प्रदेश सशर्त चालु अनुदान | ४९ लाख ८५ हजार रुपैयाँ |
| १२ | प्रदेश राजश्व सवारी साधन कर | ७३ लाख ६२ हजार रुपैयाँ |
| १३ | आन्तरिक आम्दानी | १ करोड ४० लाख रुपैयाँ |
| १४ | मालपोत रजिष्ट्रेशन | १ करोड ३० लाख रुपैयाँ |
| १५ | स्थानीय राजश्व बाडँफाँड | ४० लाख रुपैयाँ |
| १६ | चालु आ.व.2081/082 बाट बचत हुने मौज्दात | ५ करोड रुपैयाँ |
| | | ६० करोड ९ लाख ३७ हजार १०७ रुपैयाँ |

आदरणीय सभा अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ठ अतिथिज्यूहरु, गाँउसभा सदस्यहरुज्यू, राजनीतिक दलका प्रमुख एंव प्रतिनिधिहरु, सभाका सचिवज्यू एंव राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षा निकायका प्रमुखज्यूहरु, सञ्चारकर्मीहरु, बुद्धिजीवि, समाजसेवीज्यूहरु तथा उपस्थित सबै व्यक्तित्वहरु,

अगामी आर्थिक वर्षका लागि पेश भएको नीति तथा कार्यक्रम र यसैसंग सम्बन्धित आर्थिक विधेयक, विनियोजन विधेयक उपर सघन छलफल गरी पारित गरिदिनु हुनेछ भन्ने विश्वासका साथ बिदा चाहन्छु।

धन्यवाद ।

यस पालिकाको चालु आ.व.२०८१/०८२ को लागि गाउँ सभामा रु.५९,९१,१४,७६१.१८। उन्साठी करोड एकानब्बे लाख चौध हजार सातसय एकसठी पैसा अठार संसोधन सहित बजेट प्रस्तुत गरिएको थियो।२०८२ जेष्ठ मसान्त सम्ममा जम्मा रु.४९,७३,९०,२५०।३२(८३.२०प्रतिशत) आम्दानी भई रु ३०,७०,९९,१९३।८८ खर्च भएको छ।जुन कुल बजेटको ५१.२५ प्रतिशत हो। यस मध्ये चालु खर्च ३७,५५,४२,६४०।१८ विनियोजन भएको मध्ये रु २५,३८,२८२९३।३३(६७.५९ प्रतिशत) र पुँजीगत तर्फ विनियोन भएको रु २२,३५,००,०००। मध्ये रु ५३२७०९००।५५(२३.८३ प्रतिशत) खर्च रहेको यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

१. संघीय सरकार वित्तीय सामानीकरण रु.१२,४९,००,०००।(१२ करोड ४९ लाख)
२. संघीय सरकार राजश्व बाँडफाँड
    क. मूल्य अभिवृद्धि कर रु.८,१९,२४,८३०।००
    ख. अन्तशुल्क रु. २७,३०,८२७७।००
    ग. वन रोयल्टी रु १०,००,०००।००
३. संघीय सरकार सशर्त सञ्चालन अनुदान रु. २०,९२,००,०००।००
४. संघीय सरकार सशर्त पूँजीगत रु. १,७१,००,०००।००
५. संघीय सरकार विशेष अनुदान पूँजीगत रु. १,६५,००,०००।००
६. संघीय सरकार समपुरक अनुदान रु.८७,००,०००।
७. प्रदेश सरकार वित्तीय समानीकरण रु.१,१९,५७,०००।
८. प्रदेश समपूरक अनुदान रु ९०,००,०००।००

९. प्रदेश सशर्त चालु अनुदान रु ४९,८५,०००।
१०.प्रदेश राजश्व सवारी साधन कर रु ७३,६२,०००।
११.आन्तरिक आम्दानी रु १४०,००,०००।
१२.मालपोत रजिष्ट्रेशन रु.१,३०,००,०००।
१३.स्थानीय राजश्व बाडँफाँड रु.४०,००,०००।
१४.चालु आ.व.२०८१/०८२ बाट बचत हुने मौज्दात-रु ५,००,००,०००।

**जम्मा अनुमानित बजेट रकम रु. ६० करोड ९ लाख ३७ हजार १ सय ७ रुपैया**

आदरणीय सभा सदस्यहरु,

अगामी आर्थिक वर्षका लागि पेश भएको नीति तथा कार्यक्रम र यसैसंग सम्बन्धित आर्थिक विधेयक, विनियोजन विधेयक उपर सघन छलफल गरी पारित गरिदिनु हुनेछ भन्ने विश्वासका साथ बिदा चाहन्छु।

धन्यवाद ।